Vol. 9, No. 1, 2023 (May) 103–108
The Journal of Knowledge and Innovation

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# नियोग प्रथाको सांस्कृतिक रूपान्तरण

**सुशीलकुमार अधिकारी**
इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर

Email: sushil.adhikari23958@gmail.com

## सारलेख

प्रस्तुत नियोगप्रथाको सांस्कृतिक रूपान्तरणसँग सम्बन्धित यस लेखमा गुणात्मक अध्ययनविधि अवलम्बन गरी पूर्णता प्रदान गरिएको छ । यस लेखमा सनातन हिन्दू धर्मावलम्बी नेपाली नारीहरूको विधवा जीवन हालसम्म पनि नारकीय नै रहिरहेको विषयमा विमर्श गर्दै फाट्टफुट्ट रूपमा विधवा विवाहलाई सकारात्मक रूपमा सोच्ने प्रवृत्तिको विकास हुँदै गइरहेको भए पनि अझै पनि पूर्ण स्वीकारयोग्य बनाउनु पर्ने दिशामा सबै अग्रसर हुनुपर्दछ भन्ने मान्यता स्थापित हुनु पर्ने विषय अघिसार्ने प्रयोजनको विवेचना भएको छ । वैदिककालमै विधिविधानपूर्वक विवाह समारोह सम्पन्न हुने कुराको उल्लेख विभिन्न स्रोतले गरेका छन् । “विवाह” शब्दको उल्लेख सर्वप्रथम उत्तरवैदिक समयका तैत्तरिया संहिता र ऐतेरेय ब्राम्हणमा परेको छ । यो लेख वैदिक संहिता तथा ब्रह्मणसाहित्यले स्वीकार गरेको समाजमा स्वीकृत र आदर्शमय विवाह संस्कारका अतिरिक्त स्त्रीलाई स्वीकृत पुरूष वा विवाहित पुरूष बिना पनि वा कोही कसैको पनि सन्तान उत्पादन नगरिकन नै मर्‍यो भने त्यस्ती विधवा वा पतिविहिन महिला निसन्तान हुने अवस्थामा उसले सन्तान प्राप्ति हेतु मात्र कुनै पनि अन्य पुरूषसँग सहवास गरी बच्चा जन्माउन पाउने व्यवस्थालाई “नियोग” प्रथा भनिएको निष्कर्षमा पुगेको छ ।

**शब्दकुञ्जी:**
आर्य सभ्यता, नियोग प्रथा, वैदिक समाज, आर्य संस्कृति ।

**Article information**
Manuscript received: March 24, 2023; Accepted: May 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i1.53951
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## १. विषयपरिचय

मानव जाति आफ्नो विकासक्रममा अगाडि बढ्दै जाँदा वैदिककालमा (इ.पू. २०००-१००० ईसापूर्व) अत्यन्त सभ्य र सुसंस्कृत अवस्थामा आइपुग्यो । यसकालमा मानव जातिले आफ्ना लागि ज्ञान र विज्ञानको सहायताले अत्यन्त विकसित अवस्थामा आफूलाई ल्याइपुर्‍यायो । व्यक्ति र समाजलाई व्यवस्थित गर्न र आफ्ना लागि विभिन्न किसिमका व्यवस्था र विधिहरूको रचना गरी त्यसलाई आफ्नो जीवनमा लागू गर्न थाल्यो । धर्म, अर्थ, कर्तव्य र ज्ञानका दिशामा उसले अत्यन्त गहन र विस्तृत ज्ञान हासिल गर्न सक्षम भयो । आफ्नो दिमागी क्षमताको उच्चतम सदुपयोग गरी उसले आफ्नालागि सभ्य अनि अनुशासित जीवनपद्धतिको विकास गर्नका लागि आवश्यक प्रबन्ध मिलाउँदै जाने क्रममा जीवन र व्यक्ति विशेषका लागि पनि कर्म र कार्यको विभाजन लगायत कर्तव्यसमेतको निर्धारण गरी व्यक्ति र समाजको निर्माण र गठनका लागि आवश्यक तत्त्वहरूको रचना र निर्माण गर्दै गयो । जीवनको वास्तविकताको खोजी, मानव हुनुको सार्थकताको पुष्टि गर्नुका अतिरिक्त व्यक्तिको व्यक्तित्व निर्माण र समाजको मर्यादा, आचरणका साथै समाजको कर्तव्य आदिका पनि अनेक विधि र व्यवस्थाहरू गरिए । यी सारा प्रयत्नहरू मानवका आफ्नो दिमाग र बुद्धिका माध्यमले क्रमशः विकसित र व्यवस्थित हुँदै आए । व्यवस्थित समाजको परिकल्पना सुसंस्कृत र सभ्य व्यक्तित्वको विकास लगायतका आदर्श सोचका कारणका साथै मानवलाई गलत दिशामा अग्रसर हुनबाट रोक्नका लागि धर्मको आवश्यकतामाथि जोड दिँदै विभिन्न किसिमका परम्परा चालचलन र रीतिस्थितिको परिकल्पना गरियो, जुन बर्षौं र युगौंसम्म निरन्तररूपमा चलिरहँदा तिनीहरूले संस्कारको रूप लिनपुगे । विभिन्न संस्कारहरूलाई अपनाउने एउटा समुदायको एउटा संस्कृति निर्माण हुनपुग्यो । यस्ता विभिन्न संस्कारहरूको क्रममा वैदिक आर्यहरूले विवाहका माध्यमद्वारा आफ्नो सम्पूर्ण समुदाय र समाजलाई यस्तो आदर्शको निर्माण गरी पालना गर्न बाध्य बनाए जसमा विवाहको आवश्यकता र औचित्य नै प्रमुख रूपमा सृष्टिको निरन्तरतालाई कुनै पनि बहानामा अवमूल्यन वा सामान्य रूपमा लिन नहुने परिकल्पना गरी

व्यवस्थित बनाइयो । दुई विपरीतलिङ्गीहरू बीचको सहकार्यबाट उत्पन्न हुने बालक वा बच्चाको प्राण धान्ने गहन जिम्मेवारीका अतिरिक्त उसलाई आफ्नो समुदाय वा समाजमा स्थापित हुन योग्य बनाउने भित्री आदर्श पनि विवाह संस्कारले बोकेको हुँदा स्त्री र पुरुषले अत्यन्त निष्ठावान भएर सृष्टि उपरान्त पनि आफ्ना सन्तानलाई असल प्रणी बनाउने दिशामा निरन्तर प्रयत्नशील भइरहनु पर्ने आदर्श पनि विवाह संस्कारमा निहित रहेको पाइन्छ । विवाहको उद्देश्यलाई वैदिक आर्यहरूले दुई विपरीतलिङ्गीबीचको शारीरिक मिलनका रूपमा र सात जन्मसम्म अटुट राख्नुपर्ने मीथक वा सोचले के कुराको अभिव्यक्ति दिन्छ भने उनीहरू धैरै लामो समयसम्म वा जन्म जन्मान्तरसम्म पनि सृष्टिको मूलआदर्शको पालना गर्ने कर्तव्यबाट कहिल्यै विमुख नहुनुको अतिरिक्त समाजमा आफ्नो उत्तरदायित्वलाई कहिल्यै बिर्सन नमिल्ने, उल्लङ्घन गर्न नहुने र समाजको सदाचारलाई बचाई राख्ने सोचबाट निर्देशित रहेको छ ।

विवाहलाई स्थापित गर्ने सारा प्रयत्नहरू सृष्टिको निरन्तरतामा कुनै किसिमको अवरोध नआओस् भन्ने मुख्य अभिप्रायमा केन्द्रित देखिएको छ । यसलाई अनिवार्य र महत्त्वपूर्ण संस्कारको रूपमा मान्यता दिलाउनेदेखि यो लोकदेखि परलोकसम्म सुखी बनाउने अवधारणाको परिकल्पनासम्म अत्यन्तै शुद्ध र सुसंस्कृत कर्तव्यको रूपमा परिभाषित गर्ने ध्येय सृष्टिको निरन्तरतामा कुनै पनि व्यवधान नआओस भन्ने नै देखिन आएको छ । वास्तवमा चराचर जगतका सबै प्राणी र वर्गमा सृष्टि अत्यन्त महत्त्वपूर्ण र आवश्यक कर्तव्य र प्रकृतिप्रदत्त क्रिया हो जुन क्रियाका माध्यमद्वारा सबै प्राणीले आफ्नो वंशको निरन्तरता र उत्तराधिकारीको उत्पादन गर्ने गर्दछन् । यसकारण विवाहको आदर्श र औचित्य पुष्टि गर्न सृष्टिको निरन्तरता सन्निहित भएर आएको छ । सृष्टिको निरन्तरतालाई अविच्छिन्न राख्नका लागि विवाहका विभिन्न प्रकारहरूले मान्यता पाएको छ । वैदिककालमै व्यवस्थित यस्ता विधि वा उपायहरूमा विधवा विवाह र नियोग प्रथालाई सृष्टिको निरन्तरतालाई अवरोध हुननदिने प्रयत्नको रूपमा बुझ्न सकिन्छ । विधिपूर्वक गरिएको विवाहका अतिरिक्त पनि सृष्टिको निरन्तरतालाई अविच्छिन्न राख्ने पाउने विशेष विधिको रूपमा नियोग प्रथालाई मान्यता दिएको छ । यसप्रकार सृष्टिको निरन्तरतालाई व्यवस्थित गर्नका लागि विवाह जस्तो संस्कारलाई व्यवस्थित र अनिवार्य गरियो । यसका अतिरिक्त विवाहका माध्यमद्वारा अनियन्त्रित र स्वेच्छाचारी यौन क्रियाकलापको निरूपणका लागि र व्यक्तिलाई जवाफदेही र उत्तरदायी बनाउने ध्येयले पनि विवाहलाई महत्त्वपूर्ण विधि वा क्रियाकलापको रूपमा स्थापित गरिएको देखिन्छ । सृष्टिको प्रकृतिक पद्धतिलाई क्रमभङ्ग हुननदिन र शिशुको उचित रेखदेख र लालनपालन गर्ने कर्तव्यबोधलाई निर्वाह गर्न पनि दुई विपरीतलिङ्गी एकआपसमा मिलेर बस्ने आदर्श पालनका लागि पनि विवाहलाई अनिवार्य र आवश्यक बनाइयो । वास्तवमा कुनै पनि प्राणीमा आफ्नो सन्तानप्रतिको उत्तरदायित्व गम्भीर र जिम्मेवार हुन प्रकृतिले नै मातालाई त्यस्तो गुण, विशेषता र अवसर प्रदान गरेको हुन्छ भने सन्तान र सन्तानको मातालाई सुरक्षा प्रदान गर्ने हेतुले पुरूष वा भालेको उपस्थिति अनिवार्य बनाइदिएको हो । सभ्य र सुसंस्कृत मानवलाई यस्तो दायित्वबोध गराई लामो समयसम्म सँगै बस्नपर्ने बाध्यात्मक अवस्था सिर्जना गर्न पनि विवाहविधिको व्यवस्था हुनपुगेको छ । सृष्टिको यस्तै प्राकृतिक पक्षको मर्मलाई आत्मसात गर्दै मानव समुदायले आफ्नो समाजमा र व्यक्तिगत जीवनमा विवाह संस्कारलाई अनिवार्य रूपमा स्थापित गरेर वंशको निरन्तरता र जीवनको आदर्शमय व्यवहारका रूपमा विवाहलाई रूपान्तरण गर्न सफल भएको छ । प्रस्तुत लेख आर्य संस्कृतिमा नियोग प्रथासँग सम्बन्धित रहेकाले यसमा उपर्युक्त विषयसँग सम्बन्धित भएर आएको नियोग प्रथाको सान्दर्भिकता र औचित्यसँग सम्बन्धित समस्यामा आधारित रहेको छ । यस आलेखमा नियोग प्रथाको सांस्कृतिक रूपान्तरणसँग सम्बन्धित समस्यामा आधारित नियोगप्रथाको अवस्था नियोग र परिवर्तित परिवेश शोध्यसमस्यामा केन्द्रित विश्लेषणसम्बद्ध रहेको छ । उपर्युक्त शोध र शोध्यसमस्यालाई केन्द्रविन्दुमा राखी छलफलबाट उपयुक्त निष्कर्ष निकाल्नु यस अध्ययनको उद्देश्य रहेको छ । नियोग प्रथाका विषयमा ज्ञानहासिल गर्न चाहने वर्गका लागि उपयोगी यस लेखको तद्विषयक रिक्तताको पूर्तिका दृष्टिले प्राज्ञिक महत्त्व रहेको छ ।

## २. अध्ययनविधि र पूर्वकार्यको समीक्षा

प्रस्तुत लेख पुस्तकालयीय कार्यसम्बद्ध रहेको छ भने यसको पूणर्ताका लागि द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्रीको विश्लेषणका लागि संस्कृतिको स्वजातीय पक्षको आधारमा मूल आर्य संस्कृतिभित्र अवशिष्ट नियोग प्रथाको सांस्कृतिकता निक्र्यौल गर्न गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

नियोग प्रथा आर्य समुदायले अवलम्बन गरेको स्वजातीय सामाजिक व्यवहारका रूपमा स्थापित रही समयान्तरसँगै लिपिबद्ध भएका वाङ्मय ग्रन्थभित्र संस्कृतिका रूपमा समावेश भएको छ । मानवीय सभ्यतासँग जोडिएर आउने भौतिक, अभौतिक पक्षको संश्लेषित पक्ष र त्यसले निर्देशित गर्ने अनुशासित र व्यवस्थित जीवनपद्धतिलाई संस्कृतिअन्तर्गत राखिन्छ जसले बृहत्तर मानव समुदायको आस्था र पहिचानलाई आफ्नो दायरामा समेटेको हुन्छ (अधिकारी, २०७४, पृ. १०) । संस्कृति वैयक्तिक वस्तु नभई भावनात्मक रूपमा जोडिएका समुदायका सदस्य र तिनले गर्ने सामाजिक व्यवहारबाट निसिद्ध वस्तुका रूपमा समाजले ग्रहण गरेको विधि वा पद्धतिको नियमित व्यवस्थाका रूपमा समाजमा अवशिष्ट रहेको हुन्छ (रेग्मी, २०३५, पृ. १३) । संस्कृति भौतिक वस्तु नभई अभौतिक वस्तु हो जसले समुदायलाई भावनात्मक र क्रियात्मक दुवै दृष्टिकोणले समाजमा एक्तवपूर्ण परिस्थितिको निर्माण गर्न अहम् भूमिका खेलेको हुन्छ । मानव सभ्यताको विकासको शिलशिलासँगै समाजलाई व्यवस्थित गर्न र सामाजिक गतिविधिको व्यवस्थापनका लागि सचेत र असचेत रूपमा निर्मित सामाजिक व्यवहार र ती व्यवहारबाट निर्देशित रही जीवनपद्धतिको सञ्चालन गर्ने एकभाषी समुदायको सामाजिक अवस्थालाई संस्कृति मानिन्छ (भाटिया, फ्लावरड्यु र रोडनी, सन् २००८, पृ. ५) । संस्कृति समुदायले असचेत रूपमा अवलम्बन गरी त्यसैका सापेक्षमा जीवन सञ्चालन गर्ने पद्धतिका रूपमा समाजमा स्थापित रहेको हुन्छ जुन कतिपय अवस्थामा भाषा र कतिपय अवस्थामा सामाजिक व्यवहारबाट निशृत रहेको हुन्छ (भाटिया, सन् २००८, पृ. १६९) । समाज विकासको सुदीर्घ परम्परामा मान्छेले देखेको, भोगेको र अनुभव गरेको जीवनपद्धति र मान्छेलाई निश्चित अनुशासन र अपनत्वको विकास गर्न अभिप्ररित गर्ने प्रमुख माध्यमका रूपमा संस्कृतिको निर्माण र प्रचलन अनादिकालदेखि वर्तमानसम्म निरन्तर प्रवाहित रहेको छ । संस्कृतिको बृहत्तर क्षेत्रभित्र समग्र मानवीय क्रियाकलाप र चेतनाको विकसित र विस्तारित रहेको हुन्छ । मानव जीवनको सूत्रधारका रूपमा रहने संस्कृतिले कुनै पनि राष्ट्र, राष्ट्रियता, धर्म, साहित्य, सङ्गी, कला, आचार/व्यवहार, बौद्धिकता जस्ता संज्ञानलाई पुस्तौंपुस्ता हस्तान्तरण गरी समाजलाई निश्चित अनुशासनमा बाँध्ने भावात्मक विष्य रहेको छ । समाजका विविध विषय र प्रचलनमा एकत्व सिर्जना गरी समाजको गतिशील र विकसित पद्धतिलाई निरन्तरता दिन यसले अहम् भूमिका खेलेको हुन्छ । नियोग प्रथा आर्यहरूले सनातन रूपमा प्रयोग गरी स्थापित गरेको स्वजातीय अवधारणाका रूपमा स्थापित रहेको मान्यता हो ।

आर्य हिन्दू समुदायको महत्त्वपूर्ण मानिएको वैदिक सभ्यताकमै प्रचलनमा रहेको (इशापूर्व २००० वर्ष) नियोग प्रथाको बारेमा उल्लेख गरिएको महत्त्वपूर्ण ग्रन्थ "धर्मशास्त्रका इतिहास" भाग १ हो । पाण्डुरंग वामन काँणेद्वारा लिखित र अर्जुन चौबे काश्यपबाट अनुवादित यो ग्रन्थ प्रथमपटक सन् १९६३ मा उत्तरप्रदेश हिन्दी संस्थान लखनउ भारतबाट प्रकाशित गरिएको हो । यस ग्रथको अभ्यास-१३मा नियोग प्रथासम्बन्धी उल्लेख परेको छ । यसमा विभिन्न स्रोतहरूको उल्लेख गर्दै पूर्ववैदिककालमै नारीलाई पतिको अनुस्थिति र असक्षमताका कारण (विधवा भएको अवस्था वा पति नपुंसक भएमा) अन्य पुरूषबाट सन्तान प्राप्त गर्ने अधिकार दिएको वणर्न गरिएको छ । यसरी प्राप्त अधिकार केही शर्तहरूको अधीनमा रही निसन्तान विधवाले वा पति नपुंसक र रोगी भएका कारणले सन्तान नभएको अवस्थामा महिलाको इच्छा भए उसले अन्य पुरूषसँग संसर्ग गरी सन्तान प्राप्त गर्नसक्को बताइएको छ । यस ग्रन्थमा विधवा विवाह अर्थात विधवाको वा नारीको पतिको मृत्युपश्चात पनि विवाह हुनसक्ने व्यवस्था हिन्दू दर्शनले गरेको कुराको उल्लेख गरिएको छ । साथै कुनकुन

परिस्थिति र अवस्थामा यस्तो विवाह गर्न पाउने भनेर उल्लेख गरिएको छ । आर्य हिन्दू मानव समुदायले पाला गर्दै आइरहेको विभिन्न संस्कारहरूका बारेमा जानकारी दिने महत्त्वपूर्ण पुस्तक राजबली पाण्डेयद्वारा लिखित हिन्दू संस्कार नामक पुस्तक हो । सन् १९९५ मा पाँचौ संस्करणको रूपमा चौखम्बा विद्याभवन वाराणसी, भारतबाट प्रकाशित यस पुस्तकमा हिन्दूहरूले पालना गर्नुपर्ने सवै संस्कारहरूको बारेमा र विवाह संस्कारको बारेमा महत्त्वपूर्ण रूपमा उल्लेख गरिएको छ । यसमा विवाहको उद्भव, प्रागस्थिति, वास्तविक विवाह, विवाहको प्रकार साथै विनियम विवाह, सेवा विवाह, विवाहको सीमा, विवाहको विधि आदिका बारेमा उल्लेख गरिएको छ ।

जयशंकर मिश्रद्वारा लिखित र बिहार हिन्दी ग्रन्थ अकादमी पटना, भारतबाट सन् १९७४ मा प्रथमपटक प्रकाशित हिन्दी भाषामा लेखिएको "प्रचीन भारतका सामाजिक इतिहास" नामक पुस्तकमा नियोग प्रथा र विधवा विवाहका बारेमा जानकारी दिने यस पुस्तकमा ततकालीन समाजका सबै पक्षहरको सविस्तार वणर्न गरिएको छ । नियोग प्रथा, विधवा विवाह आदिको बारेमा उल्लेख गरिएको छ ।

लेखक ओमप्रकाशद्वारा लेखिएको "प्राचीन भारतका इतिहास" नामक पुस्तक जुन सन् १९७१ मा विकास पालिसिङ्ग हाउस प्रा.लि. दिल्ली भारतबाट प्रकाशित छ । यस पुस्तकमा प्राचीन भारतमा विबसित सभ्यताहरू- सिन्धुघाटी सभ्यता, ऋग्वैदिक सभ्यतार उत्तरवैदिक सभ्यताका समग्रपक्षहरूको बारेमा चर्चा गरिएको छ । यसमा वैदिककालको समग्र पक्षको बारेमा चर्चा परेको छ । अनार्यसँग सङ्घर्ष, आर्यको राजनीतिक संगठन, सामाजिक संगठन, लगायत सम्पूर्ण संस्कृतिका अन्य अङ्गहरू र वणर्व्यवस्था लगायतका विषयमाथि चर्चा गरिएको छ । आर्य हिन्दू जातिले पालना गर्ने धर्म, संस्कार, संस्कृति लगायतका अन्य पक्षहरू समेत उल्लेख गरी लेखिएको प्रसिद्ध ग्रन्थ मनुस्मृति हो । यस ग्रन्थमा उल्लेखित केही विषयहरूलाई हाल अप्रासङ्गिक रहेको चर्चा गर्दै त्यसको विरोधमा केही स्वर सुनिएको भए तापनि हिन्दूहरूले यस ग्रन्थलाई मानव ग्रन्थको रूपमा लिने गर्दछन् । यही मनुस्मृतिलाई सार रूपमा लेखिएको पुस्तक मनुस्मृति-सरल भाषामा मनुस्मृति सारमा पनि विवाहका बारेमा चर्चा गरिएको छ । राजाराम गुप्ताद्वारा लिखित, पुस्तक महल नयाँ दिल्ली, भारतबाट सन् २०१३ मा प्रकाशित हिन्दी भाषामा लेखिएको पुस्तकको तेश्रो अध्यायमा समावर्तन, विवाह र पञ्च यज्ञविधानका बारेमा चर्चा गरिएको छ ।

हिन्दू विवाहका बारेमा नेपाली भाषाको गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडाद्वारा लिखित शिवा प्रकाशन विराटनगरबाट २०५४ सालमा प्रकाशित "हिन्दू समाज र धर्म" नामक पुस्तक महत्त्वपूर्ण पुस्तक हो । यस पुस्तकमा विवाहका अतिरिक्त प्राचीनकालमा नारीको अवस्ना कस्तो थियो भन्ने कुराको समेत चर्चा गरी वैदिककालमा स्त्रीपुरूषको सम्बन्धलाई विवाहको माध्यमबाट व्याख्या, विश्लेषण गर्ने प्रयास गरिएको छ । विभिन्न धर्मग्रन्थ र साहित्यहरूको उद्धरण गरी विवाहको उद्देश्य, आदर्श, विवाहका प्रकार, प्रक्रिया र विधि आदिका बारेमा विस्तारपूर्वक चर्चा गरिएको छ । आर्य हिन्दू मानव समुदायमा विवाहका विभिन्न परिस्थिति र अवस्थाका बारेमा चर्चा गरी लेखिएको पुस्तक "हिन्दू सामाजिक संगठनको प्रारूप" हो । बासु बरालद्वारा लिखित साझा प्रकाशन काठमाडौंबाट वि.स. २०४४ सालमा प्रकाशित यस पुस्तकमा आर्य हिन्दू जातिले पालना गर्ने विवाह संस्कारका भेद, जीवन साथीको छनौट, विवाहका सीमाहरू, विवाहको परिणाम, विधवा विवाह, वरमूल्य प्रथा, पारपाचूके, विवाहको आधुनिक प्रकृत्ति र हिन्दू विवाहका समस्या आदि विषयवस्तु समेटेर विस्तृत चर्चा गरिएको छ । यसै प्रकार हिन्दू समाजमा नारीको अवस्था शीर्षक राखेर छुट्टै अध्यायमा नारीको स्थान, मर्यादा, विभिन्न कालखण्डमा नारीको अवस्थाका बारेमा चर्चा गरिएको छ । विवाहकै बारेमा चर्चा गरिएको प्रेमकुमार खत्रीद्वारा लिखित र एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स काठमाडौंबाट वि.स. २०४९ सालमा दोश्रो संस्करणको रूपमा प्रकाशित "नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू" शीर्षकको पुस्तक पनि हो । यस पुस्तकमा विवाह संस्कारका बारेमा समस्या चर्चा गरिएको छ साथै विवाह विधिहरूका बारेमा उल्लेख गरिएको छ । यसैगरी खत्रीकै वि.स. २०५६ सालमा एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स काठमाडौंद्वारा प्रकाशित "नेपालका धार्मिक मत र सामाजिक संरचना" शीर्षकको पुस्तकमा पनि विवाह संस्कारका बारेमा चर्चा गरिएको छ । यसमा विवाहको ऐतिहासिकता का बारेमा उललेख गर्दै विवाहका विधिविधानहरूका बारेमा चर्चा गरिएको छ ।

पेशल दाहाल र सोमप्रसाद खतिवडाद्वारा लिखित र एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स काठमाडौंद्वारा वि.स. २०५८ सालमा प्रकाशित "नेपाली समाज र संस्कृतिको परिचय" नामक पुस्तकमा पनि विवाह संस्कारका बारेमा चर्चा गरिएको छ । यस पुस्तकमा हिन्दू धर्मावलम्वीहरू विधिविधानपूर्वक विवाह गर्दछन् भन्ने कुरा बताइएको छ । यसैगरी पेशल दाहालको "नेपालको इतिहास र संस्कृति" नामकपुस्तकमा पनि विवाहको चर्चा परेको छ । एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स काठमाडौंबाट वि.स. २०५८ सालमा प्रकाशित यस पुस्तकमा विवाह संस्कारको ऐतिहासिकताको चर्चा गर्दै हिन्दू विवाह पद्धतिका दुई विधि माण्डलिक र गदाघर रहेको उल्लेख गरिएको छ साथै विवाह संस्कारको प्रारम्भ र अन्त्यमा गरिने क्रियाकलापका चर्चा गरिएको छ ।

## ३. सामग्री विश्लेषण: प्राप्ति र छलफल

### ३.१ नियोग प्रथा

नियोगको अर्थ कुनै नियुक्त पुरूषको सम्भोगद्वारा सन्तान उत्पत्तिका लागि महिला वा विधवाको नियुक्ति हो । यो प्रथाको बारेमा रिषी गौतमले चर्चा गरेको बताइएको छ, जसमा पतिविहिन नारीले यदि पुत्रको अभिलाषा राख्दछे भने उसले गुरूआज्ञा लिएर ऋतुकालमा आफ्नो देवरसँग सहवास गरी वा देवर नभएमा सपिण्ड, सगोत्र, सप्रवर वा आफ्नै जातिको पुरूषद्वारा सहवास (सम्भोग) गरी पुत्र प्राप्त गर्न सक्दछे (काँणे, सन् १९६३, पृ. ३३८) नियोग प्रथाको चर्चा गर्नुपर्दा दुई कुराको विशेष चर्चा र उल्लेख गर्नुपर्ने देखिएको छ । नियोग प्रथा भनेको पतिको अनुपस्थितिमा अर्थात स्वीकृत पुरूष (पति)को मृत्यु भएका कारणले सन्तान नभएको अवस्थामा आफ्नै देवर वा जातिको मान्छेसँग सम्भोग गरेर सन्तान प्राप्ति गर्ने व्यवस्थाका साथै पति अशक्त, रोगी, नपुंसक भएमा पनि त्यस्ता नारी जो बच्चा जन्माउन सामथ्र्यवान छन्, उनीहरूलाई पनि बच्चा प्राप्त गर्ने सुविधा जस्ता दूवै अवस्थाको बारेमा चर्चा गर्नुपर्दा विधवा विवाह पनि वैदिककालमा स्वीकृत अवस्थामा रहेको हो भनेर बुझ्न सकिन्को छ । साथै वैदिककालमा सन्तान प्रप्तिको लागि मात्र सम्भोग गर्ने वा पूर्णरूपमा विवाह नै (विधवा विवाह) प्रचलनमा रहेको प्रमाणका रूपमा बुझ्न सकिन्छ । हिन्दू धर्मशास्त्रअनुसार वंशनिरन्तरताका लागि विवाह आवश्यक मानिएको परिप्रक्ष्यमा सन्तानोत्पत्तिपछि मात्र सामाजिक र धार्मिक कार्य पूर्ण हुने विश्वासका कारणले सन्तानबिना पिण्ड नपाइने र पिण्ड नपाउँदा मोक्ष पाइदैन भन्ने धारणाबाट प्रेरित भएर यदि पत्नीको मृत्यु ु सन्तान नभइ हुन्छ भने त्यस्ता पुरूषले अर्को विवाह गर्ने अधिकार प्राप्त गर्दछ । यसैगरी कुनै पुरूष वा पति नपुंसक वा सन्तान उत्पादन गर्न असक्षम छ भने उसको पत्नीलाई नियोगद्वारा सन्तान उत्पादन गर्नलाई छुट दिएको पाइएको छ । यसको उदाहरण महाभारतमा वणिर्त धृतराष्ट्र, पाण्डु र विदुर हुन्, जो नियोग प्रथाद्वारा जन्म लिएका हुन् (रिसाल, २०४४, पृ. ९९) ।

मानवजातिको अस्तित्ववादी सोच र सृष्टिको निरन्तरताका साथै मानवीय गुणले भरिएको नियोग प्रथाको व्यवस्थाले सम्पूर्ण मानवजातिकै कल्याण गर्ने दिशाको कदमको रूपमा बुझ्न सघाउ पुर्‍याएको देखिएको छ । वैधानिक रूपको आफ्नो पतिको देहावसानपश्चात पनि सन्तानविहिन हुन नपर्ने र चारित्रिक मर्यादामा पनि कुनै खलल नपुग्ने, एउटा सीमा र क्षेत्रमा रहेर सम्बन्ध बनाई सन्तान उत्पत्ति गर्न पाउने सहुलियतको भित्री मर्ममा प्रचूर मात्रामा मानवीयताको अंश समिहित रहेको पाइन्छ भने त्यो भन्दा पनि महत्त्वपूर्ण पक्ष सृष्टिको निरन्तरतामा कोही कतैबाट अवरोध नपुगोस भन्नका लागि नियोग प्रथाको व्यवस्था भएको छ । सन्तान उत्पत्ति प्रक्रियाका माध्यमले सबै जिवात्माले पृथ्वीमा आफ्नो निरन्तर उपस्थिति देखाई रहने र अस्तित्वमा रहिरहनुपर्ने श्रृङ्खलाको परिपूर्तिका लागि सृष्टि अनिवार्य भएको सन्दर्भ र व्यवस्थामा मानव समुदायमा नियोग प्रथाले वैधानिक रूपमा सन्तान उत्पत्ति प्रक्रियामा सामेल हुन छुटेकालाई पनि

अवसर प्रदान गरेको देखिन आएको छ । प्राकृतिक सिद्धान्तमा प्रकृतिले सबै प्राणीलाई समान हक अधिकार वा सुविधा प्रदान गरे जस्तै यस प्रथाले (नियोग प्रथा) पनि मानवको सृष्टि गर्न पाउनु पर्ने प्रकृतिक अधिकारलाई कुण्ठित हुनबाट बचाएको देखिन आएको छ ।

वैदिककालमा (इशापूर्व २०००-इशापूर्व १०००) विधवा विवाहको प्रचलन थियो भन्ने कुरा तत्कालीन धर्मग्रन्थहरूको अध्ययनबाट ज्ञात हुन्छ । लोग्ने मरेपछि स्वास्नीले देवरसित भए पनि पुनर्विवाहको अनुमति पाएकी थिई, यदि पतिको मृत्युपछि देवर छैन भने नियोगद्वारा अर्थात अन्य पुरूषद्वारा पनि समागम गरी सन्तान उत्पादन गर्न पाउने अधिकार नारीमा सुरक्षित रहेको थियो (रिसाल, २०४४, पृ. १२२) "प्राचीन भारतका सामाजिक इतिहास" नामक ग्रन्थका लेखक जयशङ्कर मिश्रले पतिविहिन स्त्रीले कुनै विशेष पुरूषसँग सम्बन्ध स्थापित गरेर गरिने विवाहलाई "नियोग" बताएका छन् भने रिग्वैदिक युगमा यस्तो प्रचलन स्वीकृत रूपमा रहेको उल्लेख गरेका छन् (मिश्र, सन् २००१, पृ. ३६०) मिश्रको उक्त मतअनुसार वैदिककालमा विधवा विवाहको स्वीकृत पक्षको बारेमा जानकारी प्राप्त भएको छ भने स्पष्टत अन्य प्रसङ्गमा विवाह नभएर सन्तान प्राप्त गर्ने सुविधा मात्रै हो भन्ने सङ्केत पनि पाइएको छ । अन्य प्रसङ्गमा फेरी निसन्तान स्त्री जसको पतिको मृत्यु पनि भइसकेको छ भने आफूलाई हेरचाह गर्ने सन्तान प्राप्तिका लागि सम्भोगरत हुन पाउने व्यवस्था पनि गरेको छ । महाभारत आदिपूर्वको सन्दर्भ उल्लेख गर्दै मिश्रले नै लेखेका छन्- नियोगद्वारा अधिकाधिक तीनवटा पुत्र पाउन सकिन्थ्यो (मिश्र, ऐजन, ३६१) जसका आधारमा विधवा विवाहको स्थायी व्यवस्था नभएर पुत्रप्राप्तिका लागि मात्र अनुमति पाएको सांस्कृतिक विधानका रूपमा बुझ्न सकिन्छ । जसले सृष्टि निरन्तरताको चक्रलाई निर्वाध रूपमा घुम्न दिने मान्यतालाई आत्मसात गरेको रूपमा बुझ्न सकिएको छ । निसन्तान महिलाको जीवनमा सहयोगीको रूपमा सन्तानको उपस्थितिलाई अनिवार्य बनाउने ध्येय यो प्रथाले बोकेको देखिएको छ भने अर्कातिर नारी स्वतन्त्रताको पक्षमा पनि यो प्रथाले वकालत गरेको देखिएको छ । नियोग प्रथाको व्यवस्थाको बारेमा चर्चा गरिरहँदा यसको भित्री उद्देश्य सन्तान प्रप्ति मात्र देखिएको छ न की यौनसन्तुष्टि । नियोग प्रथाको व्यवसथा अनुसार कुनैपनि सन्तानविहिन विधवा वा असक्तपुरूषकी स्त्रीलाई नियोगका लागि नियुक्त पुरूषसँग संसर्ग गर्न जाँदा अपनाउनु पर्ने विधविधानहरू पनि निर्धारित गरिएका थिए । हिन्दू धार्मिक र सामाजिक व्यवस्थाका व्याख्याता मनुका अनुसार पुत्रहीन विधवा देवर वा आफ्नो पतिको सपिण्ड वा सगोत्रीबाट एउटा सन्तान उत्पन्न गर्न सक्थी यस्तो सन्तान प्राप्तिका लागि नियुक्त पुरूषसँग सम्भोगरत हुनका लागि दूइवटा अँध्यारोमा उसको मुख नहेरिकन प्रस्तुत हुनुपर्दथ्यो ; तर कसैकसैले दूइवटा सन्तान यसरी प्राप्त गर्न सकिने बताएका छन् (काँणे, सन् १९६३, पृ. ३३९) नियुक्त पुरूषले आफ्नो शरीरमा घिउ दलेर सम्भोग क्रिया सम्पन्न गर्नुपर्दथ्यो । यो पूरा प्रक्रियामा वासनाको अंश लेशमात्र पनि नराखी सन्तान उत्पन्न गर्ने ध्येयले मात्र यो कार्य गर्न पाउने व्यवस्था रहेको बुझिएको छ ।

मानव जीवनमा विवाह एउटा क्रान्तिकारी घटना हो । जसले मानवको जीवनलाई पूणर्रूपबाट नवीन अध्यायको शुरूवात गर्दछ । दुई व्यक्ति बीच सर्वथा नयाँ शङ्का र आशङ्का बीचको यात्राको प्रारम्भिक विन्दूको रूपमा विवाहले आफ्नो गतिको शुरूवात गर्दछ । सर्वथा नयाँ परिवेश र व्यक्तिसँग घुलमिल हुनुपर्ने कठोर परिस्थितिमा सन्तुलन मिलाउनु पर्ने बाध्यात्मक अवस्थाको सिर्जना गरिदिन्छ विवाहले साथै आफ्नो जन्मको सम्बन्धलाई परित्याग जस्तै गरी बिलकुलै नयाँ र नौलो परिवारसँग हार्दिकता गाँस्ने स्वीकारोक्तिका साथ प्रस्तुत हुनुपर्ने अवस्थामा महिलाको कठोर परीक्षा पनि लिन्छ विवाहले । प्राणीशास्त्रीय महत्त्व, क्रान्तिकारी प्रकृति, दम्पतिको दौपहक मानसिक एकीकरण, मध्यम मार्ग, सामाजिक संक्रमण र वैवाहिक विधिविधान आदि विवाहका निहित विशेषता हुन् (पाण्डे, सन् १९९५, पृ. २९५) विवाह एउटा स्त्रीकालागि अनिश्चित सामाजिक सङ्क्रमणको प्रतीक पनि हो । जन्म घरको त्याग र नयाँ परिवेश युक्त नौलो सामाजिक परिपाटीमा मिसिन जाँदा आइपर्ने अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ने अनिवार्यताले यसलाई एकरूपबाट सामाजिक सङ्क्रमणको प्रतीकको रूपमा पनि बुझ्न सकिन्छ । हुन त वरबधु दुवैलाई यसको नयाँपनसँग अभ्यस्त हुनैपर्दछ, तर पनि बधूले बिलकुलै नयाँ परिवेशसित आत्मसात गर्नुपर्ने हुँदा आफूलाई परिवर्तन गर्नुपर्ने बाध्यात्मक अवस्थामा ऊ उभिएकी हुन्छे । यस दृष्टिकोणबाट विवाहले नारीको जीवनको सम्पूर्ण पक्षमा क्रान्तिकारी परिवर्तन आउँछ भने विवाह पश्चात सृष्टिको निरन्तरतालाई सञ्चालन गर्नुपर्ने गहन जिम्मेवारी उसमा थपिएको हुन्छ । स्त्री-पुरूषको मिलनबाट मात्र सन्तान उत्पत्ति हुनसक्ने अवस्थाको सिर्जना भएदेखि नै यी दुई प्राणीलाई मिलन गराउने व्यवस्थित विधिको रूपमा विवाहले वैदिककालदेखि नै मान्यता पाएको छ । हुनत विवाह नामक विधिको सुरूवात हुनुभन्दा अगाडिदेखि नै सृष्टिका लागि यी दुईको मिलन गराउने कुनै न कुनै परस्थिति बनेको हुनुपर्दछ तर पनि सभ्य मानवको उदयपछिको समयमा व्यवस्थित विवाहले यी दुई प्राणीबीच स्थायी सम्बन्धको सुरूवात गराएको मान्न सकिन्छ ।

समस्त सृष्टिचक्रमा स्त्रीले नै गर्भधारण गरेर सन्तानको सृष्टि गर्नुपर्ने प्रकृतिको व्यवस्थाले गर्दा सृष्टिको निरन्तरतामा कुनै पनि किसिमको अवरोध नआओस भनेर नै पतिको अनुपस्थितिमा पनि सन्तान प्राप्त गर्नसक्ने व्यवस्थाको रूपमा विधवा विवाह र नियोग प्रथाको चर्चा विभिन्न श्रोतहरूले गरेका छन् । वैदिक युगमा विवाहका कुनै पनि प्रकारहरू माथि प्रतिवन्ध थिएन (मिश्र, सन् २००१, पृ. ३६०) उत्तरवैदिककालीन विभिन्न ग्रन्थहरूले पुत्रविहिन विधवाहरूले देवरसित विवाह गरेको उल्लेख गरेका छन्, जसलाई नियोग प्रथाको रूपमा व्याख्या गरिएको छ (मिश्र ः ऐजन, ऐजन) स्मृतिकालका केही श्रुतिहरुबाट के जानकारी पाउन सकिन्छ भने दुई परिस्थितिमा विधवा विवाह वा पुर्नविवाह मान्य थियो । पहिलो विधिवत विवाह हुनुभन्दा अगाडि नै यदि कुनै पुरूषले महिलालाई अपहरण गरी लग्यो र उसको केही समयपछि नै मृत्यु भयो भने महिलाले दोश्रो विवाह गर्न सक्थी । दोश्रो कुनै महिलाको विवाहपश्चात पनि यौनक्रिया वा सम्बन्ध हुनुअगावै लोग्नेको मृत्यु भएमा त्यस्ती महिला वा नारीले पुर्नविवाह गर्न पाउँथी (रिसाल, २०४४, पृ. १२२) वैदिककालमा परिवारमा पत्नीको स्थान सर्वोच्च रहेको बताइएको छ । त्यसकालमा साधारणतयः एक पत्नी सिद्धान्तको पालना गरिएको बताइएको छ । त्यसबेला विवाहलाई एउटा त्यस्तो संस्कारको दर्जा प्राप्त थियो, जसलाई परित्याग गर्न सकिदैन थियो । पत्नी पतिका साथमा सबै धार्मिक कृत्यमा सामेल हुनुपर्ने अनिवार्यता थियो । स्त्रीलाई आफ्नो जीवनसाथी छान्ने पूर्ण स्वतन्त्रता थियो (ओमप्रकाश, सन् १९७३, पृ. ५८) विवाह जस्तो स्थायी सम्बन्धको परिकल्पना गरेर वैदिक आर्यहरूले स्त्री-पुरूषलाई संगठित र व्यवस्थित जीवन बिताउन प्रेरित गरेको छ भने विवाहद्वारा नै आदर्शमय अटुट सम्बन्धको खोज गरी मानवलाई विशिष्ट र व्यवस्थित प्राणी बनाउने ध्येय राखेको छ । विवाहका माध्यमद्वारा स्त्रीलाई सुरक्षित र सम्मानित बनाउने व्यवस्था एकातिर देखिन्छ भने अर्कोतिर पुर्नविवाह र विधवालाई पनि नियोगका माध्यमद्वारा सन्तान प्राप्त गर्नसक्ने व्यवस्थाले नारी स्वतन्त्रताको पूर्ण वकालत गरेको छ । उक्त व्यवस्थाको उल्लेख वैदिककालका विभिन्न श्रोतहरूमा परेको आधारबाट पूर्ववैदिककालमै (इशापूर्व २०००) वैदिक आर्यहरूले नारीलाई पूर्ण स्वतन्त्रताको प्रत्याभूति गरिदिएको छ । हुनत वर्तमान समयमा विभिन्न किसिमका प्रायोजित र नियोजित षडयन्त्रमा फसी विवाह जस्तो उच्च व्यवस्थालाई विकृत बनाउने सोचका बुद्धिजीवीहरू भनाउँदा पनि देखिएका छन्, जसले यो व्यवस्थाको अपमान गरी कसको स्वार्थसिद्ध गर्न खोजेका हुन बुझ्न सकिएको छैन । विवाहका बारेमा एक जना नारीवादी भनिएकी लेखिकाद्वारा व्यक्त विचारका अनुसार "विवाह पुरूष केन्द्रित, पुरूषका लागि निर्माण गरिएको र महिलाका लागि बिलकुलै असमान संरचना हो" (पराजुली, २०७७, १९३) यस प्रकारको व्यक्तिवादी र कुण्ठाग्रस्त सोचले विवाहका माधयमद्वारा कल्पना गरिएको व्यवस्थित र संगठित परिवार प्रथाको अपमान गर्दै नारी स्वाभिमानको पनि खिल्ली उडाएको छ । वर्तमान समयमा यस्ता कुण्ठाग्रस्त व्यक्तिवादी सोचले नारीको वास्तविक हक अधिकारलाई पनि अलग्याउने अभिप्राय देखिन्छ । वास्तवमा वैदिककालमै नियोग प्रथा जस्तो नारी स्वतन्त्रताको उच्चतम प्रत्याभूतिलाई आँखा चिम्लिनु वा अध्ययन नगर्नुले परापूर्वककालमै व्यवस्था गरिएको हक अधिकारबाट नारीलाई बञ्चित गर्ने र गराउने षडयन्त्रको रूपमा बुझ्न सकिन्छ । आर्य हिन्दू वैदिक सभ्यतामा विवाहलाई एक स्थायी सम्बन्धको सुरूवातको रूपमा लिएको पाइन्छ । एकपल्ट विवाह गरिसकेपछि जन्म जन्मान्तरसम्म पनि त्यो सम्बन्ध कायमै रहिरहने

विश्वासका साथ एकपल्ट जोडेको वा कायम गरेको वैवाहिक सम्बन्ध सँधैभरिलाई रहिरहने विश्वास गरिएको छ । तर कुनै कारणवस जीवनको यात्रा टुङ्गिनुअघि नै वैवाहिक सम्बन्ध टुट्न गयो भने त्यसका लागि पनि केही विशेष प्रकारका व्यवस्थाहरू रहेका कुरा विभिन्न श्रोतहरूले उल्लेखगरेका छन् । पूनर्विवाहका सम्बन्धमा प्रयोग गरिएको "पुनर्भू" शब्दले विधवाको पुर्नविवाहलाई जनाउँदछ भनी काँणे लेख्दछन् (काँणे, सन् १९६३, पृ. ३४२) यसैगरी "पुनर्भू" शब्दको अर्थ पुनः पत्नी हुनु भनेर बताइएको छ (मिश्र, सन् २००१, पृ. ३५३) यस प्रकार व्रदिककालमै पुषका अतिरिक्त नारीलाई पनि विशेष अवस्थामा वा नारीको इच्छा र चाहनामा पुर्नविह गर्न पाउने व्यवस्था भएको बुझ्न सकिन्छ ।

### ३.२ नियोग र परिवर्तित परिवेश

हिन्दू विवाह संस्कारको व्यवस्थाद्वारा स्त्री र पुरूषलाई साथै बस्ने र सहवास गरी सन्तान उत्पादन गर्नसक्ने साथै व्यवस्थित रूपमा जोडी बनाई लामो समयसम्म बस्न पाउन भन्ने उद्देश्यका लागि विवाह प्रथाको परिकल्पना गरिएको देखिन आउँछ । यो प्रथा, चलन वा संस्कारमा धर्मको प्रधानता पनि अन्तर्निहित रहने गरी यसका आवश्यकतालाई बाध्यतामा रूपान्तरण गरी अनिवार्य बनाउने ध्येयमा पनि मानवलाई व्यवस्थित र अनुशासित बनाउने उद्देश्य नै देखिएको छ । यस प्रथाद्वारा पृथ्वीमा अवस्थित अन्य प्राणीजस्तै भाले र पोथीको जोडी बनाइदिने, जुन जीवनपर्यन्तसम्म रहिरहने परिकल्पनाले मानवलाई अनुशासित र व्यवस्थित रूपमा जीवन विताउन प्रेरित गरेको देखिन्छ भने कुनै पुरूष कुनै कारणले (नपुंसक, रोगी कामशीतलता वा निधन भएको अवस्था) सन्तान जन्माउन असमर्थ भएमा नारीको इच्छाबमोजिम अन्य पुरूषबाट संसर्ग गरी बढीमा तीनवटासम्म (विभिन्न ग्रन्थमा कसैले एक, कसैले दुई र कसैले तीनसम्म) सन्तान जन्माउन सक्ने अधिकार वा व्यवस्थालाई "नियोग" प्रथा मानिएको थियो । जसको व्यवस्था भएको उल्लेख पूर्ववैदिक साहित्यहरूले गरेका छन् । यसैगरी नियोग प्रथाको बारेमा उल्लेख गर्दा कुनै श्रोतले यसलाई विधवाको पुनर्विवाहको रूपमा अर्थ लाग्ने गरी व्याख्या गरेका छन् भने कसैले यसलाई सन्तान उत्पत्तिको प्रक्रियासँग मात्र सीमित गरेका छन् । नियोग प्रथा वैदिककालीन हो, जसमा पतिविहिन स्त्री कुनै विशेष पुरूषसँग सम्बन्ध स्थापित गरी विवाह गर्थे यस्तो विवाहलाई नियोग नामले बुझाइन्थ्यो (मिश्र, सन् २००१, पृ. ३६०) फेरी मिश्रले नै गरूड पुराणमा भएको कुराको उल्लेख गर्दै सम्भोगको दृष्टिकोणले गरिएको नियोग निन्दनीय बताएबाट (ऐजन, पृ. ३६१) वास्तवमा नियोग भनेको पूणर्रूपेण विवाह नभएर सन्तान उत्पन्न गर्न पाउने एउटा अवस्था मात्र भएको पनि बुझ्न सकिएको छ । वैदिक वा हिन्दूवादी धार्मिक साहित्यका अनुसार विवाह र स्त्री पुरूषबीच सम्भोग वा सहवास ऋतुकालमा सन्तान उत्पादन गर्नका लागि मात्र गर्नुपर्ने उल्लेख भएकाले नियोग प्रथामा पनि मनोरंञ्जनयुक्त सम्भोग गर्न नभएर सन्तान उत्पादनद्वारा सृष्टिको निरन्तरतामा केन्द्रित प्रथा हो भनी बुझ्नु पर्ने देखिन आउँछ । नियोग प्रथा पूर्ववैदिक कालदेखि लिएर बुद्धकालसम्म (इशापूर्व २००० वर्षदेखि इशापूर्व ५०० वर्षसम्म) अस्तित्वमा रहेको देखिएको छ । बौद्ध साहित्य महानिर्वाणतन्त्र भएको उल्लेखअनुसार यदी कुनै स्त्रीको पतिको विवाहपश्चात तुरून्तै निधन भयो, जुनबेला उसँग स्त्रीको समागम पनि भएको थिएन भने त्यस्तो अवस्थामा स्त्रीको पुर्नविवाह हुनसक्दथ्यो । यस प्रकार नियोग प्रथा वैदिककालको प्रारम्भदेखि शुद्ध भएर बुद्ध युगमा पनि कुनै न कुनै रूपमा अस्तित्वमा रहेको थियो (मिश्र, ऐजन, पृ. ३६२/६३) ।

आर्य हिन्दू समाजमा स्त्री-पुरूषबीचको सम्बन्धलाई सर्वस्वीकार्य बनाउन विवाह पद्दतिको प्रादुर्भाव वा विकास गरेर यस सभ्यताका प्रवर्तकहरूले मानवजीवनलाई अनुशासित र सभ्य बनाउने प्रयास गरेको देखिएको छ । स्वतन्त्र वा स्वच्छन्दतावादी यौनकार्यले मानवजीवनमा आइपरेका कठिनाई र जटिलताहरूको सम्बोधन गर्न र स्त्री पुरूषको सम्बन्धलाई स्थायी रूप दिन विवाहका माध्यमद्वारा प्रयास गरेको देखिएको छ । वास्तवमा भन्नुपर्दा आर्य हिन्दू पद्दतिमा विवाहलाई जन्म-जन्मान्तरको सम्बन्धको रूपमा गरिएको व्याख्याले काल्पनिक भाव व्यक्त गरे जस्तो लागे तापनि यसको भावार्थ स्थायी सम्बन्धमा जोड दिएको रूपमा बुझ्न सकिन्छ । गैर आर्यजातिले माने जस्तो विवाह एउटा सामान्य सम्झौताको रूपमा नभएर आर्य हिन्दूहरूका लागि विवाह दुई विपरीत लिङ्गीबीचको स्थायी सम्बन्धको सुरूवातको रूपमा लिन सकिन्छ, जुन यस जन्ममा त निर्वाध रूपमा रहिरहन्छ, तत्पश्चात अर्को जन्ममा पनि हामी सँगै हुन्छौ भन्ने भावले स्थायी वा सजिलै टुटाउन नसकिने सम्बन्ध बनाउने प्रयास विवाह संस्कार वा प्रथाले गरेको देखिएको छ । यसक्रममा वैदिककालदेखि आजपर्यन्तसम्म पनि आर्य हिन्दू समाजमा पुरूषका लागि पुर्नविवाह र वहुविवाह लगायतका अवसरहरू सहजै प्राप्त भएको देखिएको छ भने महिला वा नारीलाई वर्तमान समयसम्म पनि यस्तो सहजता र सुविधा प्रदान भएको देखिँदैन । आज पनि हिन्दू नारीको पुर्नविवाह वा विधवा विवाहलाई समाजले सहजै स्वीकार गरेको देखिँदैन, जब कि पूर्ववैदिक कालमै (ईशापूर्व २०००) नारीको अस्तित्व, स्वतन्त्रता र प्रकृतिप्रदत्त अधिकारको रक्षा गर्दै नियोग प्रथाका माध्यमद्वारा सन्तान प्राप्त गर्ने अधिकार प्रदान गरिएको देखिएको छ । अतः आर्य हिन्दू समुदायमा विधवाको पुर्नविवाहलाई सर्वस्वीकार्य बनाउनु पर्ने आवश्यकताका फलस्वरूप यस्तो विवाहलाई सर्वस्वीकार्य र सम्मानित बनाउनु पर्ने र विधवा नारीले पनि व्यवस्थित जीवन बिताउन पाउने हकबाट बन्चित गरिनु हुँदैन भन्ने अवधारणा प्रस्तुत गरेको छ ।

## ४. निष्कर्ष

मान्छेले सभ्यताको विकासक्रममा ज्ञान र विज्ञानको सहायताले अत्यन्त विकसित अवस्थामा आफूलाई ल्याइपुर्‍याएको छ । व्यक्ति र समाजलाई व्यवस्थित गर्न र आफ्ना लागि विभिन्न किसिमका व्यवस्था र विधिहरूको रचना गरी त्यसलाई आफ्नो जीवनमा लागू गर्दै धर्म, अर्थ, कर्तव्य र ज्ञानका दिशामा अत्यन्त गहन र विस्तृत ज्ञान हासिल गर्न सक्षम भएको छ । नियोग प्रथा आर्य समुदायले अवलम्बन गरेको स्वजातीय सामाजिक व्यवहारका रूपमा स्थापित रही समयान्तरसँगै लिपिबद्ध भएका वाङ्मय ग्रन्थभित्र संस्कृतिका रूपमा समावेश भइआएको छ । मानवजातिको अस्तित्ववादी सोच र सृष्टिको निरन्तरता र मानव हितका लागि नियोग प्रथाको व्यवस्थाले मानवजातिको कल्याण गर्ने कदमको रूपमा बुझ्न सघाउ पुर्‍याएको छ । वैधानिक रूपको आफ्नो पतिको देहावसानपश्चात पनि सन्तानविहिन हुन नपर्ने र चारित्रिक मर्यादामा पनि कुनै आघात नपुग्ने, एउटा सीमा र क्षेत्रमा रहेर सम्बन्धका आधारमा सन्तान उत्पत्ति गर्न पाउने व्यवहारिकताका अन्तरसाक्ष्यमा प्रचूर मात्रामा मानवीयको अंश समाहित रहेको पाइन्छ भने त्योभन्दा पनि महत्त्वपूर्ण पक्ष सृष्टिको निरन्तरतामा व्यवधान नहोस भन्नका लागि नियोग प्रथाको व्यवस्था भएको छ । वैदिक कालदेखि आजपर्यन्त पनि आर्य हिन्दू समाजमा पुरूषका लागि पुनर्विवाह र बहुविवाह लगायतका अवसर प्राप्त हुने तर महिलालाई अधिकार प्राप्त नहुनुले आज पनि हिन्दू नारीको पुनर्विवाहलाई समाजले स्वीकार गरेको छैन । पूर्ववैदिक कालमा नारीको अस्तित्व, स्वतन्त्रता र प्रकृतिप्रदत्त अधिकारको रक्षाका लागि नियोग प्रथाद्वारा सन्तान प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ । आर्य हिन्दू समुदायमा विधवाको पुर्नविवाहलाई सर्वस्वीकार्य बनाउनु पर्ने आवश्यकताका लागि पुनर्विवाहलाई सर्वस्वीकार्य र सम्मानित बनाउनु पर्ने र विधवा नारीले पनि व्यवस्थित जीवन विताउन पाउने हकबाट बञ्चित गरिनु हुन्न भन्ने नियोगप्रयाको व्यवहारिक निदान हो ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, अनिल (२०७४). 'टक्सारक्षेत्रका संस्कृति र लोकसाहित्यको अन्तर्सम्बन्धको विवेचना'. सहयात्रा पूणर्ङ्क १, पृ. १-२१ ।

ओमप्रकाश (सन् १९७१). प्राचीन भारतका इतिहास, विकास पब्लिसिङ् हाउस प्रा.लि. ।

काँणे, पाण्डुरंग वामन (सन् १९६३). धर्मशास्त्रका इतिहास भाग-१, उत्तरप्रदेश हिन्दी संस्थान ।

क्षेत्री, गणेश, र खतिवडा, सोमप्रसाद (२०५४). हिन्दू धर्म र समाज, शिवा

प्रकाशन ।

खत्री, प्रेमकुमार (२०४९). नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू, एम.के. पब्लिशर्स ।

खत्री, प्रेमकुमार (२०५६). नेपालका धार्मिक मत र सामाजिक संरचना, एम.के. पब्लिशर्स ।

गुप्ता, राजाराम (सन् २०१३). मनुस्मृति, सार पुस्तक महल ।

दाहाल, पेशल (२०५८). नेपालको इतिहास र संस्कृति, एम.के. पब्लिसर्स ।

दाहाल, पेशल, सोमप्रसाद खतिवडा (२०५८). नेपाली समाज र संस्कृतिको परिचय, एम.के. पब्लिसर्स ।

बराल, बासु (२०५०). हिन्दू सामाजिक संगठनको प्रारूप, साझा प्रकाशन ।

पराजुली, अनिता (२०७७). विवाहको नारीवादी समालोचना: समाज अध्ययन, मार्टिन चौतारी ।

पाण्डेय, राजवली (सन् १९९५). हिन्दू संस्कार, चौखम्बा विद्याभवन ।

मिश्र, जयशंकर (सन् २००१). प्राचीन भारतका सामाजिक इतिहास, बिहार हिन्दी ग्रन्थ अकादमी ।

रेग्मी, ऋषिकेशराज. (२०३५). एक श्रोत तीन धारा. साझा प्रकाशन ।

Bhatia. V. K. (2008). 'Towards critical genre analysis'. Advanced in discourse studies, (Edt.). V. K. Bhatia, John Flowerdew Rodney H. Jones, Routledge, pp 166-177.

Bhatia. V. K., John Flowerdew Rodney H. Jones (2008). 'Apporaches to discourse analysis'. Advanced in discourse studies, (Edt.). V. K. Bhatia, John Flowerdew Rodney H. Jones, Routledge, pp 1-18.